खप्तड छेडेदह गाउँपालिका

# खप्तड छेडेदह गाउँपालिकाको ब्याक हो लोडर संचालन तथा व्यवस्थापन कार्य विधि २०८१

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्यजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

आज्ञाले,

नन्द बहादर रावत

प्रमुख प्रशासकीय अधिकृत

खप्तड छेडेदह गाउँपालिका क्षेत्रको समग्र भौतिक पुर्वाधार विकास गर्नका लागि यस गाउँपालिकाको स्वामित्वमा रहेको ब्याक-हो लोडर देहायका शर्तमा रही संचालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खप्तड छेडेदह गाउँपालिकाले "ब्याक-हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१" स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

(१) संक्षिप्त नाम र प्रारम्भ: (क) यो कार्यविधीको नाम " ब्याक-हो लोडर संचालन तथा व्यवस्थापन कार्यवीध, २०८१" रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(२) परिभाषा: बिषय वा प्रसंगले अको अर्थ नलागेमा ;

(क) "ऐन" भन्नाले "स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झन पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले खप्तड छेडेदह गाउँपालिका सम्झनु पर्दछ।

(ग) "गाउँसभा" भन्नाले खप्तड छेडेदह गाउँपालिकाको गाउँसभालाई सम्झन पर्दछ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले खप्तड छेडेदह गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) "प्रमख" भन्नाले खप्तड छेडेदह गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ।

(च) "उपाध्यक्ष' भन्नाले खप्तड छेडेदह गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(छ) "कार्यालय" भन्नाले खप्तड छेडेदह गाउँपालिकाको कार्यालयला बाजुरा लाई सम्झनु पर्दछ।

(ज) "प्रमख प्रशासकीय अधिकृत" भन्नाले खप्तड छेडेदह गाउँपालिकाको प्रमख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(झ) "ब्या-हो-लोडर" भन्नाले गाउँपालिकाको कार्यालयको स्वामित्वमा रहेको ब्याक-हो लोडर लाई सम्झनु पर्दछ।

(ञ) "शाखा प्रमख" भन्नाले खप्तड छेडेदह गाउँपालिकाको पुर्वाधार क्षेत्र हेर्न प्राविधिक शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

(ट) "संयोजक" भन्नाले गाउँपालिकाको पुर्वाधार विका समितिको संयोजकलाई सम्झनु पर्दछ।

(ठ) "जिन्सी शाखा" भन्नाले गाउँपालिकाको जिन्सी शाखालाई सम्झनु पर्दछ।

३. उद्देश्य: खप्तड छेडेदह गाउँपालिकाको कार्यालयबाट संचालन गरिने भौतिक विकासका योजनाहरु, स्थानीय गाउँ बासी, सघ/सस्था, नेपाल सरकारद्वारा संचालित विकास आयोजनाहरु, दातृ निकायबाट संचालन गरिने विकास आयोजनाहरु तथा छिमेकी नगर तथा गाउँपालिकाहरुको विकास कार्यक्रममा माग भइ अए अनुसार प्राथमीकताका आधारमा कार्य संचालनमा पठाउनका लागी आवश्यक प्रक्रिया पुरा गर्नु यो कार्यविधिको प्रमुख उद्देश्य रहनेछ।

४. संचालन विधि: खप्तड छेडेदह गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा रहेको व्याक हो लोडर संचालनका लागि देहायको प्रक्रिया पुरा भए पश्चात मात्र फिल्डमा खटाइनेछ:

(क) ब्याक- हो लोडर माग गर्न व्यक्ति वा संस्थाले गाउँपालिकाको कार्यालयले स्वीकृत गरेको फारमको ढाँचामा निवेदन पेश गर्नु पर्नछ।

(ख) ब्याक-हो लोडर माग गर्न व्यक्ति वा संस्थाको माग निवेदन प्रमख प्रशासकीय अधिकृतको आदेश भएपश्चात के कति समयका लागि माग गरिएको हो, माग गरिएको समय बराबरको गाउँ कार्यपालिकाको कार्यालयले तोके अनुसारको शुल्क अग्रिम गाउँकार्यपालिकाको कार्यालयमा नगद वा तोकिएको बैंकमा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नछ।

(ग) ब्याक-हो लोडर माग गर्ने व्यक्ति वा संस्थाले गाउँकार्यपालिकाको कार्यालयले तोकको शुल्क बुझाए पश्चात गाउँपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निबेदनलाई पहिलो प्राथमिकता दिई उपलब्ध गराईने छ। यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्येनजर गरी प्राथमीकताका साथ खटाउने व्यवस्था मिलाईनेछ। यसरी लोडर उपलब्ध गराउदा दुबै पक्ष बिच अनुसुचि २ बमोजिमको ढाँचामा सम्झौता गरि उपलब्ध गराईने छ।

(घ) गाउँपालिकाबाट स्वीकृत आयोजनाहरुका हकमा उपभोक्ता समिति तथा ठेक्का मार्फत संचालन गर्दे मशीनको माग भइ आएमा लोडर प्रयोग गरे वाफत प्रयोगकताको योजनाहरुबाट योजनाको किस्ता वाफतको रकम भुक्तानि गर्दा नियमानुसार लाग्ने शुल्क कार्यालयबाट कट्टी गरी भुक्तानि दिईनेछ।

(ङ) ब्याक- हो लोडर अपरेटरलाई गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृत, लिखित आदेश विना कुनै स्थान विशेषमा मेशिन लिएर काम गर्ने गराउने अधिकार रहने छैन।

(च) निबेदकले माग गरिएको समय भन्दा बढी समयसम्म काम काज गर्न गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल कार्यालय प्रमुखलाई खबर गरि थप लिखित कार्यादेश लिएर थप समयको रकम अग्रिम गाउँपालिकामा जम्मा गर्न लगाएर मात्र मेशीन संचालन गर्नु पर्नेछ।

(छ) मेशीन प्रयोग गरे वाफत प्रतिघण्टा वा दिनको शुल्क निर्धारण गरि तोके बमोजिम हुनेछ।

(ज) मेशिन फिल्डमा खटाउदा कार्यालय कम्पाउण्ड देखी काम सम्पन्न गरी पुन: कार्यालय फिर्ता नभएसम्मको मिटरको हिसाब गणना गरी लाग्ने शुल्क मेशीन प्रयोगकर्ताले बुझाउनु पर्नेछ।

(झ) मेशीन खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएपश्चात मेशीन अपरेटरले कामको विवरण सहित मिटरको अध्यावधिक अभिलेख कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(ञ) ऄलभिख ऄध्यावधिकका लागि कार्यालयबाट आवश्यक फारमहरुको व्यवस्था गरिनेछ।

(ट) गाउँपालिकाको कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अध्यावधिक गरि लगत खडा गर्नु पर्नेछ।

(ठ) ब्याक-हो लोडर माग गर्ने व्यक्ति वा संघ/संस्थाले ब्याक-हो लोडर शुल्क बुझाउदा खप्तड छेडेदह गाउँपालिका कार्यालय बाजुराको आन्तरिक राजश्व हिसाब खातामा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ वा कायाालयको राजश्व शाखामा नगद जम्मा गर्न सकिनेछ।

(ड) ब्याक-हो लोडर काममा खटई तोकिएको समयभन्दा अगावै काम सम्पन्न भइ प्रयोग कताको धरौटी रकम संचित रहको खण्डमा अपरेटर तथा तोकिएको प्राविधिक कर्मचारीको सिफारिसका आधारमा मात्र प्रमख प्रशासकीय अधिकृतको आदेशका आधारमा संचित समय वाफत हुन आउने रकम माग गरेको एक हप्ता भित्र फिर्ता गरिनेछ।

(ढ) लोडरको सुरक्षाको जिम्मेवारी लोडर भाडामा लिनेको हुनेछ।

(ण) लोडर संञ्चालन गर्दा सो को लगबुक राख्ने जिम्मेवारी अपरेटरको हुनेछ। कामको प्रकृति अनुसार फिल्ड परिक्षण गरि पुर्वाधार विकास शाखा प्रमुख वा तोकीएको प्राविधिकले लगबुक सिफारिस गरि प्रमाणित गर्न प्रमख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(त) लोडर प्रयोग गर्नु भन्दा पहिले कार्यालय र भाडामा लिने बिच सम्झौता गर्नुपर्नेछ।

(थ) कार्यालयले आफैले लोडर प्रयोग गरी काम गर्नु पर्दा काम गर्नु भन्दा पहिले प्राविधिक पठाई प्राविधिकिले फिल्डको अवस्था यकीन गरी लोडर प्रयोग गरि काम गर्न आवश्यक रहेको भनि प्रतिबेदन पेश गर्नु पर्नेछ। यसरी प्रतिवेदन तयार गर्दा अनुमानित लागत अनुमान समेत तयार गरि पेश गर्नु पर्नेछ। यसरी कार्य गराउदा ईन्धन खर्च वाफत भएको विल लगबुक र प्राविधिक मुल्यांकन प्रतिवेदनको आधारमा हुनेछ। प्राविधिक मुल्यांकनमा लोडर प्रयोग भएको समय अनिवार्य खुलाउनु पर्नेछ।

५. ईन्धन तथा मर्मत सम्बन्धी व्यवस्था:

(क) मेशिन अपरेटरले ईन्धन तथा लुब्रिकेन्टस माग गर्दा कार्यालयले निर्धारण गरको फारस्वीकृत गराएर मात्र भर्नु पर्नेछ। ईन्धन तथा लुब्रिकेन्टस खपतको अध्यावधिक लगत मेशीन अपरेटरले तयार गरि ईनजिनियरको सिफारिस सहित कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(ख) ईन्धन तथा लुब्रिकेन्टस र मर्मत सम्बन्धी सम्पुर्ण कार्यको विस्तृत लगत गाउँकायपालिकाको कार्यालय जिन्सी शाखामा अध्यावधिक गरि राखिनेछ।

(ग) मेशिन बिग्रिएको लिखित जानकारी मेशीन अपरेटरले आफुलाई जानकारीमा अएको समयमै तत्काल कार्यालयलाई गराउनु पर्नेछ। कार्यालयवाट वर्कसमा चेकजाँच गराइ मर्मत र्गुन पर्ने कार्यको विस्तृत विवरण माग गरी स्विकृत भए पश्चात मात्र मर्मत सभार कार्य गरिनेछ। एक पटकमा ३० हजार भन्दा बढीको मर्मत र्गुन पर्ने भएमा अपरेटरले पेश गरेको निर्दवेदन तथा मर्मत सम्भार केन्द्रबाट तयार भएको लागत अनुमान सहितको प्रतिवेदन संचालन तथा व्यवस्थापन समितिमा पुर्वाधार विकास शाखा प्रमुखले वा निजले तोकको कर्मचारीले पेश गर्नु पर्नेछ। संचालन तथा व्यवस्थापन समितिले मर्मत गर्ने निर्णय गरेमा मर्मत संभार कार्य गरिनेछ।

(घ) मर्मत संभारका कार्य गराउदाको अवधिमा तोकीएको प्राविधिक वा ईन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ।

६. ब्याक-हो लोडर संचालन शुल्क सम्बन्धी व्यवस्था: कुनै व्यक्ति, उपभोक्ता समह, संघ संस्था वा प्राइभेट फर्म संचालन कर्तावाट ब्याक-हो लोडर माग भइ आएमा निम्न बमोजिमको शुल्क नगद वा तोकिएको बैक खाता मार्फत अग्रिम बझाउनु पर्नेछ:

(क) खप्तड छेडेदह गाउँपालिका क्षेत्र भित्र संचालित योजना उपभोक्ता समिति वा व्यक्ति वा फर्म वा ठेकेदारबाट संचालन हने भए प्रतिघण्टा रु. २०००। र गाउँपालिका भन्दा बाहिर संचालन हुने योजना वा अन्य कामको लागि प्रति घण्टा रु २५०० ।

(ख) लोडर प्रयोग गने व्यक्ति फर्म उपभोक्ता समिति वा ठेकेदारिले अपरेटर भत्ता प्रतिघण्टा रु ३०० । र सहायक भत्ता प्रतिघण्टा रु १५० । उपलब्ध गराउनु पर्नेछ । यसरी काम गराउदा ठेकेदार फर्म उपभोक्ता समिति वा व्यक्तिले अपरेटर र सहायकको भत्ता उपलब्ध नगराएमा निजबाट कार्यालय समेत असुलउपर गर्नेछ।

(ग) माथि (क) उल्लेखित बुदाहरुभित्र इन्धन वाफत लाग्ने खर्चहरु प्रयोगकर्ता स्वयमले ब्यहोर्नु पर्नेछ।

७. कर्मचारी सम्वन्धी व्यवस्था: (क) लोडर संचालनका लागी आवश्यक पर्ने अपरेटर १ जना र सहयोगि १ जना आपसी सम्झौता बमोजिम तलब भत्ता हुनेगरि प्रचिलत कानुन बमोजिम सेवा करारमा नियुक्त गरिनेछ।

(ख) उम्मेदवारि शुल्कः लोडर अपरेटरको लागि रु ५०० । सहयोगिको लागि रु ४०० ।

(ग) योग्यताः अपरेटरको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघको र ब्याक हो लोडर अपरेटर चालक अनुमति पत्र प्राप्त गरको र सहयोगिको हकमा १८ वर्ष पुरा भइ ३५ वर्षा ननाघेको।

(घ) नियुक्ति प्रक्रियाः व्याक हो लोडर अपरेटर र सहयोगि नियुक्तिको लागि १५ दिनको सुचना वेवसाईटमार्फत सार्वजनिक गरिनेछ।

(ङ) न्युनतम योग्यता पुगेको कागजात पेश गर्ने उम्मेदवारहरुलाइ दोस्रो चरणको परिक्षामा सामेल गरिनेछ। व्याक हो लोडरको हकमा प्रयोगात्मक परीक्षा र अन्तर्वाता परीक्षामा प्राप्त गरको कुल प्राप्ताङकको आधारमा उम्मेदवार सिफारिस गरिनेछ।

(च) परिक्षाको किसिमः व्याक हो लोडर अपरेटरको लागि प्रयोगात्मक परिक्षा र अन्तर्वाता परिक्षा लिईनेछ भने सहयोगिको हकमा अन्तरवार्ता परीक्षा मात्र संचालन गरिनेछ।

(छ ) उम्मेदवार छनौट गर्न देहाय बमोजिमको समिति रहनेछ।

प्रमुख प्रशासकीय अधिकृत संयोजक

विषय विज्ञ सदस्य

पुर्वाधार विकास शाखा प्रमख सदस्य सचिव

समितिले परिक्षा संचालनको क्रममा सहयोगिको रुपमा अन्य कर्मचारीलाइ आमन्त्रण गर्न सक्नेछ।

(ज ) पाठयक्रम/मापदण्डः उम्मेदवार छनौट समिति स्वयम आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(झ) मुल्यांकन अंक भारः व्याक हो लोडर अपरेटरको लागि कुल मुल्यांकन अंकभार ७५ पुर्णाङ्कको हुनेछ। प्रयोगात्मक परीक्षाको अंकभार ५० र अन्तर्वाता परिक्षाको अंकभार १५ र उम्मेदवारको स्थानीयता वाफत १० अंक हुनेछ। साथै व्याक हो लोडर सहयोगिको लागि १५ अंकको अन्तर्वाता परिक्षा मात्र संचालन हुनेछ।

(ञ) अपरेटर तथा अपरेटर सहयोगीले दिएको कार्यविवरण र निर्देशन विपरित काम गरि कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फि करार भंग गरी क्षतिपुर्ति असुलउपर गरिनेछ।

८. ब्याक-हो लोडर संचालन तथा व्यवस्थापन समिति सम्वन्धी व्यवस्था: ब्याक-हो लोडर संचालन तथा व्यस्थापनका  तपसिल बमोजिमको समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष–   संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष–   सदस्य

(ग) प्रमख प्रशासकीय अधिकृत–   सदस्य

(घ) पुर्वाधार विकास समिति संयोजक–   सदस्य

(ङ) योजना शाखा प्रमख   सदस्य सचिव

९. विविध:

(क) मेशिनको माइलमिटर लगायतका आधारभुत कार्य अध्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ।

(ख) मेशिन कार्यालय प्रमखको पुर्ण नियन्त्रणमा रहनेछ। गाउँपालिकाको ईन्जिनियर र स्टोर किपरले समेत मेशिनको हिफाजत गर्ने कार्यमा ध्यान दिनु पर्नेछ।

(ग) मेशिन फिल्ड खटाउने/नखटाउन सिफारिस योजना शाखा प्रमुख तथा ईन्जिनियरको हुनेछ।

(घ) यस कार्य विधीलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा कार्यालयले थपघट वा संशोधन गरी स्विकृतका लागि कार्यापालिका बैठक समक्ष पेश गर्ने।

अनुसुची १ ब्याक-हो लोडर माग दरखास्त फारम

(दफा ४ क सँग सम्बन्धीत)

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु

खप्तड छेडदह गाउँपालिका

डोगडी, बाजुरा ।

बिषय: ब्याक-हो लोडर उपलब्ध गरी पाँउ ।

महोदय,

यस खप्तड छेडेदह गाउँपालिका गाउँकार्यापालिकाको कार्यालयको ब्याक-हो लोडर आवश्यक परेकोले निम्न बमोजिमको विवरण भरी माग गरको छु/छौं । नियमानुसार लाग्ने शुल्क लिइ ब्याक-हो लोडर उपलब्ध गराइ पाँउ ।

(क) माग गनेको तर्फबाट भर्ने :

| माग गने व्यक्ति /संस्था/ उपभोक्ता समिति/ फर्म/ कम्पनी | कामको विवरण छोट्करीमा | प्रयोग हुने स्थान ठेगाना | मेशिन प्रयोग हुने अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

माग गनेको: ........................................

दस्तखत

नाम:

पद:

ठेगाना:

(ख) कार्यालयको तर्फवाट (प्राविधिक तथा योजना शाखाले भर्ने)

| गाउँपालिकाबाट खटिने स्थान सम्म लाग्ने अनुमानित समय | माग गरेको समय र दिन | काममा लाग्ने अनुमानित समय | अनुमानित समय अनुसार शुल्क | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

प्राविधिक शाखा प्रमुख

योजना शाखा प्रमख

(ग) राजश्व शाखाले भर्ने:

| रसिद नं. र मिति | जम्मा गरिएको रकम रु. | रकम बुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

स्वीकृत गर्ने

अनुसुची २

(दफा ४ सँग सम्बन्धीत)

ब्याक हो लोडर संचालन सम्झौता पत्र

खप्तड छेडेदह गाउँपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र योजना काम गर्नउ उपभोक्ता समिति/ फर्म/ व्यक्ति ( यसपछि दोस्रो पक्ष भनिएको) का बिच यस कार्यालयको व्याक हो लोडर देहायको शर्त तथा बन्दजको अधिनमा रहि भाडामा संचालन गर्न गराउन यो सम्झौता गरिएको छ।

१) अयोजनाको नामः

२) आयोजना स्थल

३) आयोजना संचालन हुने स्थानः

४) आयोजनाको कुल लागत

५) लागत व्यहोने श्रोत तथा रकमः

६) ब्याक हो लोडर संचालन गर्ने कार्य अवधीः मितिः ............देखि ......... सम्म

८) व्याक हो लोडर संचालनका लागि प्राप्त धरौटी रकम रुः

९) सम्झौताका शर्तहरुः

१. दोस्रो पक्षले यस सम्झौतामा तोकीएको आयोजनामा मात्र तोकिएको कार्य दिनको लागि व्याक हो लोडर उपयोग गर्नु पर्नेछ।

२. ब्याक हो लोडर संचालन अवधीमा लाग्ने डिजेल, मोबिल, ग्रिस आदि ईन्धन खर्च आयोजना स्थलमा ल्याउन र लैजाने समेतको व्यवस्था दोस्रो पक्षले गर्नु पर्नेछ।

३. ब्याक हो लोडर र यसमा संलग्न अपरेटर र हेल्परको सुरक्षाको प्रबन्ध दोस्रो पक्षले गर्नु पर्नेछ।

४. गाउँपालिकाको कार्यालय वा लोडर रहको स्थानबाट योजना स्थलमा ढुवानि गरि लग्नुपर्ने अवस्था भएमा सो को लागि आवश्यक बन्दोबस्त दोस्रो पक्ष स्वयमले गर्नुपर्नेछ।

५. ब्याक हो लोडर अपरेटरले संचालन गर्दा भरेको लगबुक दोस्रो पक्षले समेत प्रमाणीत गर्नु पर्नेछ।

६. लोडर संचालन वा उपयोग सम्बन्धि कार्यको अनुगमन कार्यालयबाट जुनसुकै बखत पनि हुन सक्नेछ।

७. लोडर संचालनमा दुरुपयोग भएमा वा विवाद सिर्जना भइ संचालन गर्न सक्ने स्थिति नरहेमा वा लोडर संचालनमा संलग्न कर्मचारीको सुरक्षा बारे समस्या देखिएमा लोडर फिर्ता बोलाउन सकिनेछ।

८. यस्तो अवस्थामा दोस्रो पक्ष लोडर फिता गराउनु पर्नेछ।

९. पहिलो र दोस्रो पक्ष बिच विवाद भएमा पहिलो पक्षले जुनसुकै बखत लोडर फिर्ता बोलाउन सक्नेछ।

१०. यान्त्रीक कारण वा भवितव्य परि कानुन बाहिरको परिस्थतिमा लोडर नचलेमा अपरेटर तथा सम्बन्धित दोस्रो पक्षले प्रमाणित गरि कार्लयमा जानकारी गराइ प्रमाणित गरि राख्नु पर्नेछ।

११. दोस्रो पक्षले  लोडर भाडामा लिएको समयमा उनीहरुबिचको आपसी विवाद भई वा स्थानीयको अबरोधका कारण वा अन्य कुनै पनि कारण लोडर संचालन हुन नसकेमा संचालन नभएको दिन प्रतिदिन रु ५०००। का दरले जरिवाना यस कार्यालयलाइ बुझाउनु पर्नेछ।

१२. लोडर प्रयोग गरेवापत पहिलो पक्षलाइ दोस्रो पक्षले कार्य विधिले तोकिए बमोलजमको भाडा उपलब्ध गराउनु पर्नेछ। साथै अपरेटर र सहायकको भत्ता समेत उपलब्ध गराउनु पर्नेछ।

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नामथरः | नामथरः |
| दर्जाः | दर्जाः |
| मितिः | मितिः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| कार्यालयको छापः | सस्थाको छापः |

अनुसुची ३

लोडर मर्मत सम्बन्धी निवेदन

(दफा ५ सँग सम्बन्धीत ) मिति:

श्रीमान प्रमख प्रशासकीय अधिकृत ज्यु
खप्तड छेडेदह गाउँपालिका
गाउँकायपालिकाको कार्यालय
डोगडी, बाजरा।

बिषय: ब्याक-हो लोडर मर्मय सम्वन्धमा।

महोदय,

यस खप्तड छेडेदह गाउपालिकाको कार्यालयको ब्याक-हो लोडरको तपलसिको पाट्समा खराबी आइ संचालन गर्न बाधा परकोले चेक जाँच गराइ मर्मतको व्यवस्था मिलाई दिन हुन यो निवेदन पेश गर्दछु।

तपसिल:

| समस्या आएको मेशिनको पाट्सको विवरण | परिणाम | सामान पेर्नुपर्ने वा मर्मत गर्नु पर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

मेशिन अपरेटरको दस्तखत
नाम:

ईन्जिनियरको सिफारिस
उपरोक्त सामानहरु फेर्नु पर्ने र मर्मत गर्नु पर्ने देखिएकोले सिफारिस गर्दछु।

प्रमुख प्रशासकीय अधिकृतको निर्णयः
आज्ञाले,
नन्द बहादर रावत
प्रमुख प्रशासकीय अधिकृत